***अङ्क 21***

DeKalb County School District का परिवारहरूलाई अभिवादन,

विश्वास गर्न गाह्रो छ कि हामीले 2021 को पहिलो महिनाको आधा भन्दा धेरै बाटो तय गरिसकेका छौं । सबै कुरा हाम्रो पक्षमा नभएको यो अवस्थामा हाम्रो काउन्टीले जुन मात्रामा प्रतिबद्धता तथा उत्साह देखाएको छ, त्यसमा चाही विश्वास गर्न सकिन्छ, जस्तो कि Martin Luther King, Jr. ले देखाएका थिए । हामीले डा. Martin Luther King, Jr. जयन्ती र उद्‌घाटन समारोहले भरिएको ऐतिहासिक सप्ताह मनाएका छौं, जहाँ राष्ट्रका पहिलो युवा कवि Laureate Amanda Gorman ले "**The Hill We Climb"(हामीले चढ्‌ने पहाड)** वाचन गर्नु भएको थियो । यो शक्तिशाली कविताले हामी सबैलाई के कुरा स्मरण गरायो भने कुराहरू जस्तो देखिए वा महसुस गरे पनि,  आशा र प्रगतिको ढुङ्गा सधैँ रही रहनेछ ।

बाँच्ने, श्वास फेर्ने र आशाको त्यो ढुङ्गालाई सबै परिस्थितिहरूमा उज्यालो बनाउन अग्रसर सम्भावना र उत्साह कार्यान्वयन गर्ने उपायहरूको खोजीलाई जारी राख्नका निम्ति म तपाईंलाई मसँग जोडिन प्रोत्साहित गर्छु ।

तपाईंलाई थाहा छँदैछ, जनवरी 11 मा, हामीले शिक्षा समितिको  को बैठकका दौडान Dekalb County School District (DCSD) को विद्यालय पुन: सुचारु गर्ने योजनका सम्बन्धमा अद्यावधिक प्रदान गरेका थियौँ । कोभिड -19 को प्रभावको असर र हाम्रो काउन्टीको उच्च संक्रमण दरलाई मध्यनजर गर्दै विद्यार्थीहरू पहिला जानकारी गराए अनुसार जनवरी 19 मा प्रत्यक्ष शिक्षणका लागि विद्यालयहरूमा फर्किने छैनन् भनेर निर्णय लिइएको थियो ।

म सबैलाई आश्वस्त पार्न चाहन्छु कि विद्यार्थीहरू प्रत्यक्ष शिक्षणका लागि विद्यालयमा फिर्ता हुने अपेक्षित मिति अगाडि परिवारहरूलाई दुई हप्ते सूचना प्रदान गरिनेछ । कक्षाकोठामा फिर्ता हुने वातावरण बनिसकेपछि भवनहरू विद्यार्थी तथा कर्मचारीलाई स्वागत गर्न तयार रहन्छन् भनेर सुनिश्चित गर्नका निम्ति हाम्रा भवनहरू तथा टोलीहरूले निरन्तर रूपमा न्यूनिकरणका रणनीतिहरू र विद्यालय तयारीमा ध्यान केन्द्रित गर्ने छन् । कृपया ती रणनीतिहरूको बारेमा यहाँ पढ्नुहोस् । स्मरण गर्नुहोस्, तपाईंहरूको सामूहिक सुरक्षा हाम्रो मुख्य प्राथमिकता हो ।

**DCSD का परिवारहरू**

हाम्रो भर्चुअल टाउन हलको अन्तिम बैठक हेरेका र बैठकमा सहभागिता जनाएका हाम्रा सबै परिवार तथा शिक्षकहरूलाई धन्यवाद छ । हामीले विद्यालय पुन: सुचारू गर्ने  डिस्ट्रिक्टको योजनाको बारेमा जानकारी प्रदान गर्दै गर्दा तपाईंले दिनु भएको प्रतिक्रिया र तपाईंले देखाउनु भएको सावधानीको प्रशंसा गर्छौं । तपाईंले टाउन हलको बैठक छुटाउनु भयो भने भिडियो हेर्न यहाँ जानुहोस्:

अङ्ग्रेजी https://fb.watch/39hp97Mz96/
स्पेनिस: https://youtu.be/um9m5rDShPY

मैले टाउन हलको बैठकका दौडान उल्लेख गरे झैँ, हाम्रो विद्यालय सञ्चालन टोली र विद्यालयका प्रधानाध्यापकहरू भवनहरूलाई प्रत्यक्ष शिक्षणका लागि तयार गर्न लागि पर्नु भएको छ । हामी कुन क्षेत्रका समस्याहरू सम्बोधन गर्नु आवश्यक छ भनेर मूल्याङ्कन गर्दै र कामको आदेश पूरा गर्दै दैनिक निरीक्षण सञ्चालन गरिरहेका छौं ।

हामी अहिले नै प्रतक्ष्य शिक्षणका लागि कक्षाकोठामा फर्किने त छैनौं, तैपनि हामी विद्यालय भित्र कोभिड-19 को संक्रमण फैलन सक्ने जोखिम कम गर्नका निम्ति CDC ले जारी गरेको संक्रमण न्युनिकरणका पाँच मुख्य रणनीतिहरू कार्यान्वयन गर्ने काम जारी राख्छौं । यी रणनितिहरू तल प्रदान गरिएको छ:

- मास्कको नियमित र सही प्रयोग
- सम्भव भएसम्म सामाजिक दूरी कायम गर्ने
- हात धुने
- सरसफाइ र निसंक्रमण
- DeKalb Board of Health सँगको सहकार्यताका साथमा कन्ट्याक्ट ट्रेसिङ

यिनै रणनितिहरू प्रयोग हामी हाम्रा कर्मचारी तथा हाम्रा विद्यार्थीहरू दुवैको लागि कक्षाकोठाको सुरक्षित र सहज फिर्तिको योजना बनाउने कामलाई जारी राख्छौं । मैले बुझेको छु कि अहिलेको समय परिवर्तनशील छ । तर पनि, म तपाईंहरू प्रत्येकलाई —हाम्रो उत्कृष्ट टोली, नेतृत्व, समिति तथा हाम्रा विद्यार्थीहरू—लाई पूर्ण रूपमा विश्वास गर्छु र तपाईंको लचक बन्न सक्ने र खुला हृदय बनाउने सक्ने क्षमताका लागि तपाईंलाई धन्यवाद छ ।

हामी सबैले बुझेका छौं कि यो हाम्रो लागि अनिश्चित समय हो । हाम्रा परिवारहरूले पारदर्शी, नियमित र अद्यावधिक सञ्चार प्राप्त गर्नु जरुरी हुन्छ भन्ने कुरा हामीले बुझेका छौं । विद्यालय पुन: सुचारूको पोर्टल तपाईंका लागि विद्यालय पुन: सुचारू गर्ने DCSD को योजनाको बारेमा अद्यावधिक प्राप्त गर्ने मुख्य श्रोत बन्छ । पोर्टलमा, तपाईंले घोषणाहरू, सुरक्षा प्रोटोकलहरू, यातायातसम्बन्धी अद्यावधिकहरू, भर्चुअल शिक्षा र पोषणको बारेमा पनि सबै कुरा थाहा पाउनु हुनेछ । म परिवारलाई यो वेबसाइट बुकमार्क गर्न र अद्यावधिकको लागि नियमित रूपमा विद्यालय पुन: सुचारूको वेबसाइट हेर्न प्रोत्साहित गर्छु ।

## जनवरी 19, 2021 देखि लागू हुने शिक्षण तालिका

शिक्षण तालिकाको बारेमा प्रतिक्रिया दिनु भएकोमा तपाईंलाई धन्यवाद । परिवर्तनको तयारीका सम्बन्धमा प्रधानाध्यापक तथा कर्मचारीहरूलाई स्पष्टीकरण दिइएको थियो । अहिलेको समयमा लचकता एकदमै महत्त्वपूर्ण हुन्छ ।

DeKalb County School District (DCSD) ले जनवरी 19, 2021 देखि लागू हुने गरी अनलाइन सिकाइको तालिका परिमार्जन गर्दैछ । नियमित कक्षाको तालिकामा गएपछि, यसले लगातार रूपमा सबै विद्यार्थीहरूका

लागि थप शिक्षण समय प्रदान गर्न दिन्छ । दैनिक तालिकाले भोजन (बिहानको खाजा र लन्च) र प्रविधिको विश्रामका लागि समय छुट्ट्याउनेछ ।  कक्षाहरू सोमबार, मङ्गलबार, बिहिबार तथा शुक्रबार सञ्चालन गरिने छन् ।  विद्यार्थीहरूलाई व्यक्तिगत रूपमा, वा विद्यार्थी-शिक्षकको सानो समूहमा हस्तक्षेप, उपचार, र/वा गतिवर्द्धन प्राप्त गर्न दिनका निम्ति सबै शिक्षक तथा विद्यार्थीहरूले बुधबारको दिनलाई शैक्षिक सहायताको दिनको रूपमा प्रयोग गर्ने छन् ।

प्रि-किन्डरगार्टन बाहेकको हकमा, तल प्रदान गरिएको तालिकाले प्रत्येक विद्यार्थीले आफ्नो शिक्षकबाट न्यूनतम रूपमा कति समयको प्रत्यक्ष शिक्षण प्राप्त गर्छन् भन्ने कुरालाई प्रतिबिम्बित गर्छ ।  स्थानीय विद्यालयका लिडर तथा शिक्षकहरूसँग आवश्यकता अनुसार समकालिक शिक्षाको समय विस्तार गर्ने अधिकार हुन्छ ।  विद्यार्थीहरू व्यक्तिगत र सामूहिक असाइनमेन्टमा सहभागी हुने छन् जुन समकालिक शिक्षाको समयसीमा भन्दा बाहिरसम्म लम्बिन्छ ।

| **ग्रेड तह** | | **समकालिक शिक्षाको समयसीमा** |
|---|---|---|
| प्रि-किन्डरगार्टन | | प्रत्येक दिन प्रति DECAL 1 घण्टा देखि ½ घण्टा |
| आधारभूत तह | ग्रेड K-2 | प्रत्येक पाठ्यक्रमका लागि 15 मिनेटको न्यूनतम समय |
| आधारभूत तह | ग्रेड 3-5 | प्रत्येक पाठ्यक्रमका लागि 20 मिनेटको न्यूनतम समय |
| माध्यामिक तह | कक्षा 6-8 | प्रत्येक पाठ्यक्रमका लागि 30 मिनेटको न्यूनतम समय |
| उच्च विद्यालय | कक्षा 9-12 | प्रत्येक पाठ्यक्रमका लागि 30 मिनेटको न्यूनतम समय |

## जनवरीका लागि विद्यार्थी पात्रोको एक झलक

दोस्रो सेमेस्टरको सुरुवातको तयारीका सम्बन्धमा, कृपया आफ्नो बच्चाको साथमा विद्यार्थी पात्रोको झलक अध्ययन गर्नुहोस् । विद्यार्थीहरू जनवरी 19, 2021 देखि भर्चअुल रूपमा विद्यालयमा उपस्थित हुने छन् । कृपया याद गर्नुहोस् कि जनवरी 20 को दिन विद्यार्थीको दूर शिक्षा/रिमोट लर्निङ हुने दिनको रूपमा तय गरिएको छ ।

| जनवरी 2021 | | | | | | |
|---|---|---|---|---|---|---|
| **आइतबार** | **सोमबार** | **मङ्गलवार** | **बुधबार** | **बिहीबार** | **शुक्रबार** | **शनिवार** |
| | | | | | **1** | **2** |
| **10** | **11**<br>विद्यार्थीहरूका लागि अनलाइन सिकाइको दिन<br><br>अन्तिम परीक्षा | **12**<br>विद्यार्थीहरूका लागि अनलाइन सिकाइको दिन<br><br>अन्तिम परीक्षा | **13**<br>विद्यार्थीहरूका लागि आत्मनिर्भर सिकाइको दिन<br><br>सेमेस्टरका क्रियाकलापहरूको | **14**<br>शिक्षक/कर्मचारीको काम गर्ने दिन<br><br>विद्यालयहरू बन्द हुने | **15**<br>विद्यालयहरू बन्द हुने | **16** |
| **17** | **18**<br>~डा. Martin Luther King, Jr. जयन्तीको बिदा<br><br>विद्यालयहरू बन्द हुने | **19 ~**<br>**दोस्रो सेमेस्टर**<br>(पूर्ण तालिका सुरु हुने)<br><br>विद्यार्थीहरूका लागि अनलाइन सिकाइको दिन | **20 +**<br>विद्यार्थीहरूका लागि अनलाइन सिकाइको दिन | **21**<br>विद्यार्थीहरूका लागि अनलाइन सिकाइको दिन | **22**<br>विद्यार्थीहरूका लागि अनलाइन सिकाइको दिन | **23** |
| **24** | **25**<br>विद्यार्थीहरूका लागि अनलाइन सिकाइको दिन | **26**<br>विद्यार्थीहरूका लागि अनलाइन सिकाइको दिन | **27**<br>विद्यार्थीहरूका लागि आत्मनिर्भर सिकाइको दिन | **28**<br>विद्यार्थीहरूका लागि अनलाइन सिकाइको दिन | **29**<br>विद्यार्थीहरूका लागि अनलाइन सिकाइको दिन | **30** |
| **31** | **~नोट: जनवरी 19, 2021 – कर्मचारी तथा विद्यार्थीहरूले Infinite Campus मा प्रकाशित गरिए अनुसारको शिक्षण तालिका पालना गर्ने छन् ।**<br>**+नोट: जनवरी 20, 2021 को दिन – विद्यार्थीहरू अनलाइन सिकाइमा सहभागी हुने छन् । यो दिनलाई आत्मनिर्भर सिकाइको दिनको रूपमा प्रयोग गरिने छैन ।** | | | | | |

तपाईंसँग आफ्नो बच्चाको तालिका वा पात्रोको बारेमा कुनै पनि प्रश्नहरू छन् भने, कृपया आफ्ना बच्चाका प्रधानाध्यापक, शिक्षक(हरू), वा परामर्शदातालाई सम्पर्क गर्नुहोस् ।

## परीक्षाहरूसम्बन्धी अद्यावधिक

वर्तमान महामारीका कारण, डिस्ट्रिक्टले Centers for Disease Control and Prevention (CDC), DeKalb County Board of Health र Georgia Department of Education को निर्देशिका पालना गर्दै विद्यार्थीहरू सुरक्षित र स्वास्थ्य हुने तरिकाले परीक्षाहरू सञ्चालन गरिनेछ भनेर सुनिश्चित गर्नु पर्दछ ।

**Georgia Department of Education (GaDOE) अनुसार, संघीय निर्देशिकाहरू पालना गर्नका निम्ति ACCESS तथा Georgia Milestones Assessments सहितका राज्यको खर्चमा सञ्चालित हुने सबै परीक्षाहरू विद्यार्थीको प्रत्यक्ष उपस्थितिमा सञ्चालन गर्नु पर्दछ । अभिभावकको रूपमा तपाई आफ्नो बच्चालाई प्रत्यक्ष उपस्थितिमा सञ्चालित हुने परीक्षामा सहभागी गराउन चाहनुहुन्न भने, कृपया सहभागी नहुँदाको परिणामको बारेमा छलफल गर्न आफ्नो बच्चाको विद्यालयमा सम्पर्क गर्नुहोस् ।**

Measures of Academic Progress (MAP) को हिउँदे परीक्षा जनवरी 4 देखि फेब्रुअरी 26, 2021 सम्म सञ्चालन हुने गरी तय गरिएको छ । अनलाइन सिकाइको व्यवस्थामा हुँदा, डिस्ट्रिक्टले प्रदान गरेको उपकरण वा व्यक्तिगत उपकरण प्रयोग गरेर अनलाइनबाट विद्यार्थीहरूको MAP को परीक्षा लिइनेछ । यद्यपि, हिउँदे MAP को परीक्षा फरक खालको हुने भएकोले, विद्यार्थीहरूका लागि दुई फरक तरिकाले परीक्षा सञ्चालन

गरिनेछ : अनलाइनबाट (विज्ञान तथा भाषाको प्रयोग) **र** प्रत्यक्ष उपस्थितिमा (गणित तथा पठन) । **अभिभावकहरूले आफ्नो बच्चालाई प्रत्यक्ष उपस्थितिमा सञ्चालित हुने परीक्षामा सहभागी नगराउने निर्णय गर्नुभयो भने ती बच्चाले अहिलेको समयमा ती कुराहरूको जाँच दिने छैनन् ।**

**बधाई छ !**
**DCSD का नयाँ अध्यक्ष + उपाध्यक्ष**

DeKalb काउन्टीको शिक्षा समितिद्वारा सर्वसम्मतिले अध्यक्षको रूपमा निर्वाचित हुनुभएकोमा सुश्री Vickie B. Turner र सर्वसम्मतिले उपाध्यक्षको रूपमा निर्वाचित हुनुभएकोमा श्री Diijon DaCosta लाई क्रमैसँग बधाई छ ।

20 वर्षसम्म Dekalb काउन्टीको सक्रिय सदस्यको रूपमा रहँदै आउनु भएकी सुश्री Turner 24 वर्षसम्म सार्वजनिक शिक्षा प्रति समर्पित हुनु भएको छ । उहाँले डिस्ट्रिक्ट 5 मा छ वर्ष भन्दा धेरै समयसम्म सेवा प्रदान गर्नु भएको छ । साथै, उहाँ आफ्नो नयाँ भूमिकाको साथमा समुदाय र शिक्षामा आफ्नो अनुभव र जोस दुवै प्रयोग गर्ने कुराका सम्बन्धमा उत्साहित हुनुहुन्छ ।

2018 मा डिस्ट्रिक्ट 6 लाई सेवा प्रदान गर्न सुरु गर्नु अगाडि सुश्री. Diijon 2014 मा DCSD मा शिक्षकको रूपमा जोडिनुभएको थियो । युवाहरूको शैक्षिक सफलतामा ध्यान केन्द्रित गर्ने उत्कृष्ट नेतृत्वकर्ताको रूपमा, उहाँ आफ्नो नयाँ भूमिकामा ताजा दृष्टिकोण र पारदर्शी सहायता प्रदान गर्न उत्साहित हुनुहुन्छ ।

म यी दुवै असाधारण नेतृत्वकर्ताहरू र उहाँहरूले समिति र हाम्रो समुदायलाई कस्तो तरिकाले सकारात्मक र प्रगतिशील मार्ग तर्फ डोर्याउनु हुनेछ भन्ने कुरामा एकदम धेरै उत्साहित छु ।

म समितिका निवर्तमान अध्यक्ष श्री Marshall Orson लाई पनि उहाँको सेवा तथा नेतृत्वका लागि धन्यवाद दिन चाहन्छु ।

साथै, म आफ्नो पदमा पुन: निर्वाचित हुनु भएको DCSD को शिक्षा समितिका सदस्यहरूलाई पनि बेग्ला-बेग्लै रूपमा बधाई दिन चाहन्छु । म डिस्ट्रिक्ट प्रति तपाईंको प्रतिबद्धता, हाम्रा विद्यार्थी र कर्मचारीहरू प्रतिको तपाईंको उत्साह र मलाई तथा तपाईं जोसँग दैनिक रूपमा काम गर्नुहुन्छ ती टोलीहरूलाई तपाईंले प्रदान गर्नु भएको निरन्तर सहयोगको लागि तपाईंलाई व्यक्तिगत रूपमा धन्यवाद दिन चाहन्छु । समितिका प्रत्येक सदस्यहरूको विवरण हेर्न यहाँ जानुहोस् ।

**कठिनाइसम्बन्धी आवेदन**

हामी DCSD का कर्मचारीको रूपमा हाम्रा भवनहरूमा फिर्ता भएका हरेक कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु । हामीले बुझेका छौं कि तपाईंको स्वास्थ्य र सुरक्षा डिस्ट्रिक्टका लागि मात्र महत्त्वपूर्ण नभएर तपाईंको आफ्नै परिवारका लागि पनि महत्त्वपूर्ण छ । तपाईंको कुरा सुनेर, हामी कठिनाइका कारण वैकल्पिक कामको जिम्मेवारी आवश्यक पर्छ भनेर अभिव्यक्त गरेका कर्मचारीहरूको अनुरोध स्विकार गर्न चाहन्छौं । हाम्रो कठिनाइसम्बन्धी अनुरोधले तपाईंलाई आफू भवन वा आफ्नो कामको तालिकामा फर्किँदा आफूलाई हुने समस्याको बारेमा जानकारी गराउन दिन्छ । उक्त अनुरोध जनवरी 8 भित्र बुझाइ सक्नु पर्ने थियो र यो अनुरोध फेब्रुअरी 2, 2021 सम्मका लागि मान्य हुनेछ ।

तपाईंले जुनसुकै कारणले कठिनाइसम्बन्धी अनुरोध राखेको भए पनि हामीले आशा गरेका छौं कि यो 30 दिने अवधि भित्र तपाईं फेब्रुअरी 3, 2012 मा काममा फर्किने मिल्ने गरी आफ्नो बन्दोबस्ती मिलाउनु हुनेछ ।

अवश्य नै, तपाईंले फेब्रुअरी 3 भन्दा अगाडि कुनै समस्या वा परिस्थितिको बारेमा जानकारी गराउनु पर्यो भने कृपया आफ्नो निकटतम सुपरभाइजरलाई सम्पर्क गर्नुहोस् ।

फेरि पनि, यो अनिश्चित समयका दौडान आफूले गरेको हरेक काममा कडा मेहनत देखाउनु भएकोमा तपाईंलाई धन्यवाद छ ।

अन्त्यमा, म तपाईंको लगनशीलता, लचिलोपना, धैर्यताका लागि तपाईंहरू सबैलाई धन्यवाद दिन चाहन्छु । म Superintendent Student Advisory Committee (SSAC) र अतिथि वक्ता German DuBois III लाई पनि विशेष धन्यवाद दिन चाहन्छु । मैले उहाँलाई यो हप्ता भेटेको थिए । म नयाँ तालिकामा भएको विद्यार्थी क्लब तथा स्क्रिन समयको निर्देशिकाको सम्बन्धमा उठाइएका बुँदाहरूको कदर गर्छु । मैले आशा गरेको छु कि अझ धेरै उत्कृष्ट अध्येताहरूसँग मेरो भेट हुनेछ ।

तपाईंले हाम्रा विद्यार्थीहरूका लागि गरिरहनु भएको कडा मेहनतको बारेमा सम्झिँदा खेरी, Martin Luther King, Jr. को यो भनाइ मेरो मनमा आउँछ: "जीवन निरन्तर रूपमा चली रहन्छ र जरुरी प्रश्न भनेको यो छ: 'तपाईंले अरूका लागि के गरिरहनु भएको छ?'" तपाईं निःस्वार्थ र दयालु हुनुको परिभाषाको अर्थमा बाच्नुहुन्छ र सास फेर्नुहुन्छ । लगातार रूपमा, वर्षै पिच्छे सक्रिय रूपमा सहभागिता हुनु भएकोमा तपाईंलाई धन्यवाद छ । हाम्रा विद्यार्थीहरू, प्रशासन, कर्मचारीहरू र डिस्ट्रिक्टको तर्फबाट तपाईंलाई धन्यवाद ।

तपाईंको #1 प्रशंसक,

Cheryl Watson-Harris